नेपाली राजदूतावास, बेइजिङ
尼泊尔驻华大使馆，北京
EMBASSY OF NEPAL, BEIJING

**प्रेस विज्ञप्ति**

नेपालको व्यवस्थापिका संसद, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिका माननीय सभापति श्री भीष्मराज आङ्गदेम्बेज्यूको नेतृत्वमा उपभोक्ता हित संरक्षण तथा पेट्रोलियम पदार्थको आयात विविधिकरण सम्बन्धमा मिति २०७३ कार्तिक २४ गतेदेखि मित्रराष्ट्र चीनको अध्ययन अवलोकन भ्रमणमा रहेको नेपाली प्रतिनिधिमण्डलले मिति २०७३ कार्तिक २५ गते चीन सरकारको उद्योग र वाणिज्यका लागि राज्य प्रशासनका मन्त्री महामहिम श्री चाङ्ग माओसँग उहाँकै कार्यालय बेइजिङ्गमा भेट गर्यो । उक्त अवसरमा नेपाली प्रतिनिधिमण्डलका नेता माननीय सभापतिज्यूबाट नेपाल र चीनबीचको सदियौँदेखिको मैत्रीपूर्ण सम्बन्ध, नेपालको एक चीन नीति प्रतिको निरन्तर प्रतिबध्दता लगायतका विषयहरु उल्लेख गर्दै उपभोक्ता अधिकार संरक्षण र हित प्रवर्धनका विषयमा दुई देशबीच सहकार्य गर्ने , नेपालमा पेट्रोलियम पदार्थको आयात विविधिकरण गर्ने, कृषि, उद्योग, पर्यटन, जलविद्युत र पूर्वाधार निर्माण लगायतका क्षेत्रमा चिनीया लगानी भित्र्याउने सम्बन्धमा चीन सरकारको सहयोगका लागि आग्रह गर्नुभयो ।

सो अवसरमा चिनीया मन्त्री महामहिम श्री चाङ्ग माओले नेपाली प्रतिनिधिमण्डललाई स्वागत गर्दै नेपालको एक चीन नीति प्रतिको निरन्तर प्रतिबध्दता प्रति धन्यवाद व्यक्त गर्नु भयो । साथै उहाँले उपभोक्ता हक हित प्रवर्धन तथा नेपालमा पेट्रोलियम पदार्थको आयात विविधिकरण लगायतका विषयहरुमा चीन सरकारको तर्फबाट आवश्यक सहयोग रहने विचार व्यक्त गर्दै दुई मुलुकहरुबीच हुने गरेका यस किसिमका उच्चस्तरीय भ्रमणहरुबाट व्दिपक्षीय सम्बन्ध थप सुदृढ हुँदै आएको धारणा राख्नु भयो ।

उक्त नेपाली प्रतिनिधिमण्डलले आज मिति २०७३ कार्तिक २६ गते बेइजिङ्गस्थित चाइना नेशनल युनाइटेड आयल कर्पोरेशनका उपाध्यक्ष श्री चाङ्ग थोङ्ग र सम्बन्धित पदाधिकारीहरुसँग नेपालमा पेट्रोलियम पदार्थको आयात विविधिकरणका नीतिगत, कानुनी, संरचनागत तथा प्राविधिक विषयहरुमा छलफल तथा बिचार विमर्श गर्यो ।

सो प्रतिनिधिमण्डलमा व्यवस्थापिका संसदका सम्बन्धित समितिका माननीय सदस्यहरु, समिति सचिव, आपूर्ति मन्त्रालयका पदाधिकारीहरु, नेपाल आयल निगमका पदाधिकारीहरु र बेइजिङ्गस्थित नेपाली राजदूतावासका प्रतिनिधिको सहभागिता रहेको थियो ।

नेपाली राजदूतावास,
बेइजिङ्ग ।
मिति: २०७३ कार्तिक २६

EMBASSY OF NEPAL
Beijing